पावल-तिमोथी गोठालाको अध्ययन-प्रार्थना, पी. 6 ए.

# दानियल झैं हामी परमेश्वरसित बात गर्छौं

जसले नानीहरुलाई सिकाउँछन् अध्ययन पी. 6 बी पढ्नु पर्छ।

**प्रार्थना :** स्वर्गीय पिता, बगाललाई तपाईको खोजी गर्न अनि हाम्रो खाँचोहरुमा तपाईंसित बात गर्न तपाईंको बगाललाई डोर्‍याउन मलाई ज्ञान अनि विश्वासनियता दिनु हवस्।''

**1. तपाईंको बगाललाई विश्वाससाथ प्रार्थना गर्न मा अगुवाइ गर्नलाई तपाईको हृदय तयार पार्नुहोस्।**

यी प्रत्येक विश्वासीहरुले विभिन्न तरिकाले परमेश्वरलाई प्रार्थना गरेका विषयलाई बाइबलबाट पत्तो लगाएर केहि लेख्नु होस् :



सुलेमान, 2 इतिहास 6:12-17

याबेश, 1 इतिहास 4:9-10

हन्ना, 1 शमूएल 1:9-13

दाऊद, 2 शमूएल 7:18-22

दानियल, दानियल 9:3-19

ईसाईहरु, प्रेरित 4:24-30

**टिप्पणी :** हामीले परमेश्वरलाई  उठेर, बसेर, घुँड़ा टेकेर वा लम्पसार भएर, आवाज निकालेर वा मन-मनै प्रार्थना गर्न सक्छौं।

हामीले कसरी प्रार्थना गरेको परमेश्वर चाहनुहुन्छ बाइबलमा पाउछौं :

- गुप्तमा, मत्ती 6:5-8। टिप्पणी : ईसाईहरुले प्रार्थना गर्दा परमेश्वरले देख्ने र सुन्नेगरी प्रार्थना गर्नुपर्छ, अरु मानिसहरुले देखोस् र सुनोस् भनेर होइन।
- अरुलाई क्षमा गरेर, मत्ती 6:9-15। टिप्पणी : ईसाईहरुले धेरै गलती र पापहरु गर्छन्, यसैले तिनीहरुलाई परमेश्वरले क्षमा गरुन भनी प्रार्थना गर्न खाँचो छ। तर परमेश्वरले हामीलाई तब क्षमा दिनुहुन्छ जब हामीले हाम्रा विरोधीहरुलाई क्षमा गर्छौं।
- पश्चतापको साथ, लूका 18:10-14। टिप्पणी : परमेश्वरबाट प्रार्थनाको उत्तर पाउने कोहि पनि योग्यका छैनन्। यसैले, जब हामी प्रार्थना गर्दछौं हामीले आफनो भूलहरु मानीलिन पर्छ अनि हामीले आफैलाई योग्यका छौं मनेर द्याक लगाउनु हुंदैन।
- एक आदर्श पति र नम्र पत्नी जस्तै, 1 पत्रुस 3:1-9। टिप्पणी : हाम्रा स्वर्गीय पिताले हामी सित त्यसरी नै व्यवहार गर्नुहुन्छ, जसरी हामीले हाम्रा सहयोगीसित व्यवहार गर्दछौं।
- धन्यवादी साथ, 1 थिस्सलोनिकी 5:16-18। टिप्पणी : परमेश्वरले हाम्रो भलाईको निम्ति हाम्रो साँचो प्रार्थनाको उत्तर दिन उहाँ भलो हुनुहुन्छ।

अन्य धर्महरुका प्रार्थनाहरु भन्दा ईसाईको प्रार्थनामा कतिको भिन्नता छ बाइबलबाट हेर्नेछौं :

**पावल-तिमोथी गोठालाको अध्ययन-प्रार्थना, पी. 6 ए.**



, यूहन्ना 15:16, 16:24।

, यहूदा 20 र 21

ा/बुवा' भनी पुकारेर, मत्ती 6:9। विश्वासीहरुले मागेको परमेश्वर चाहनुहुन्छ भनी बाइबलका त्तो लगाएर लेख्नुहोस् :

मत्ती 6:9-13

प्रेरित 4:27-30

एफिसी 1:15-20

याकूब 1:2-5

याकूब 5:13-16

दानियल 6 अध्याय पढ़ेर पत्तो लगाउनुहोस् र लेख्नुहोस् :

- अध्याय 6:1-4 पदहरुमा दारा राजाका बड़ा हाकिमहरु दानियलसित किन ईर्षा गर्थे।
- पद 5-9 मा दानियललाई मार्ने प्रदेशपालहरुको दुष्ट योजना।
- पद 10-11 मा दानियलले तिनीहरूको बड़यान्त्र बारे थाहा पाए पछि के गरे।
- 12-15 मा दुष्ट मानिसहरुले बलजफ्ती गरेर राजालाई कसरी मनाए।
- पद 16-22 मा दानियललाई बचाउन परमेश्वरले के गर्नुभयो।
- पद 23-24 मा दारा राजाले ती दुष्ट मानिसलाई कस्तो व्यवहार गरे।
- पद 25-28 मा दारा राजाले परमेश्वरको महिमा गर्नलाई के गरे।



सिंहहरु को बीचमा दानियल

**2. आउँदो साताको गतिविधिबारे तपाईंको सहकर्मीहरुसित मिलेर योजना तयार पार्नोस्।**

खाँचोमा परेका मण्डलीका सदस्यहरुकहाँ जाने तिनीहरुसित प्रार्थना गर्ने व्यवस्था मिलाउनु होस्।

थोरै विश्वासीहरू अथवा विश्वासीहरू नभएका ठाँउहरूमा गएर मानिसहरुको निम्ति प्रार्थना गर्नुहोस्। अनि कुन चाँहि घर सुसमाचार माथि विश्वास गर्न तयारी छ भनी तपाईलाई परमेश्वरले देखाइ दिऊन् भनि प्रार्थना गर्नुहोस्।

नयाँ विश्वासीहरुलाई गुप्तमा अनि परिवारमा कसरी प्रार्थना गर्नपर्छ भनी सिकाउनलाई भ्रमण गर्नुहोस्।

**3. आउनेवाला उपासनाको योजना सहकर्मीहरुसित गर्नुहोस्।**

स्थानीय रिवाज र हालको आवश्यक्ताहरुमा मिल्ने गतिविधिहरु चुन्नुहोस्।

दानियल 6 अध्यायबाट दानियलको कथालाई अभिनय गर्नुहोस् वा बताउनुहोस्।

भाग-1 मा तपाईंले जे पाउनु भयो त्यसबारे सोध्नुहोस्।

नानीहरुले तयार पारेका नाटक, कविता वा प्रश्नहरु प्रस्तुत गर्नलगाउनुहोस्।

खण्ड 1 मा झै बाइबलका अंशहरुलाई बुझाउँदै तपाईको बगाललाई प्रार्थना गर्न सिकाउनुहोस्, अनि तिनीहरुको खाँचोबारे प्रार्थना गर्नलाई बगाललाई डोर्‍याउनुहोस्।

येशूले मत्ती 6:9-13 मा सिकाउनु भएको प्रार्थना मण्डलीलाई एक साथ पाठ गर्नलगाउनुहोस।

पारिवारीक अनि व्यक्तिगत् प्रार्थना प्रत्येक दिन गर्नलाई विश्वासीहरुलाई उत्साह दिनुहोस्।

1 थिस्सलोनिकी 5:17 कण्ठस्थ गर्नुहोस् ''निरन्तर प्रार्थना।''

प्रभुभोज परिचय दिंदा : दानियल पहिलो अध्यायबाट दानियलका तीन मित्रहरुले ती समयहरुमा परमेश्वरले मनाही गर्नु भएका भोजनहरु भन्दा असल भोजनहरु चुनेको बारेमा सुनाउनुहोस्। प्रभुभोजमा हामी सबै भन्दा असल भोजन गर्दछौं भनी बुझाउनुहोस्।

विश्वासीहरुलाई जीवनको रोटी येशू, उहाँको रगत जसले सबै पापहरु सफा गर्दछ अनि परमेश्वरबाट पाएका सबै असल थोकहरुको निम्ति परमेश्वरलाई धन्यबादको प्रार्थना गर्नलाई आह्वाहन गर्नुहोस्।

# परमेश्वरले प्रार्थना सुन्नुभयो अनि उहाँले सिंहको मुख थुनिदिनुभयो

**प्रार्थना**–''प्रिय बुवा, नानीहरुले विश्वाससाथ प्रार्थना गरून् भनी सिकाउनलाई यस अध्ययनलाई प्रयोग गर्नुहोस्।

नानीहरुको उमेर अनि तत्काल आवश्यक्ताहरुलाई मिल्ने गतिविधिहरुको छनौंट गर्नुहोस्।



दानियल अनि सिंहहरु। दानियलको किताब 6 अध्यायमा भएको कथालाई शिक्षक वा ठूला नानीले पढ्नुपर्छ वा स्मृतीद्वारा सुनाउनुपर्छ। परमेश्वरले दानियलको प्रार्थनाको उत्तरमा तिनलाई सिंहको मुखबाट कसरी बचाउनु भयो भनी यसले बताउँदछ।

**सोध्नु होस् :** (प्रत्येक प्रश्नको उत्तर प्रश्नको पछि राखिएको छ।)

1. राजाका भारादारहरुले दानियललाई किन डाह गर्थे? (पद 3 हेर्नुहोस्)
2. राजाका भारादारहरुले प्रार्थनाको विषयमा राजाले नयाँ ऐन निकालून भनी किन चाहन्थे? (पद 5)
3. जब दानियलले राजाको नयाँ ऐनबारे सुने पछि तिनले के गरे? (पद 10)
4. दानियल सिंहको खोरमा हुँदा, राजाले रातभर के गरीरहे? (पद 18)
5. दानियल सिंहको मुखबाट कसरी बाँचे? (पद 22)
6. दानियल सिंहको मुखबाट बाँचेपछि, राजाले कस्तो नयाँ ऐन निकाले? (पद 26)

यस कथालाई आराधनाको समयमा नाटकीय ढंङ्गमा प्रस्तुत गर्नलाई अगुवाहरुले व्यवस्था मिलाउन। नानीहरुलाई यसको निम्ति राम्ररी तयार पार्नोस्।

दानियल 6 अध्यायलाई नाटकमा परिणत गर्नुहोस्।

ठूला नानीहरु वा प्रौढ़हरुले यी भागहरु खेलुन :

**कथक।** कथालाई छोटकरीमा बताउने। नानीहरुले के बोल्नु र गर्नुपर्ने भनी सम्झना गराउने।

**राजा।** ''राजाका ऐनहरु'' को एउटा पन्ना हुनुपर्छ।

**दानियल।**

**साना नानीहरुले यी भागहरु खेलनु :**

**राजाका भारादारहरु।** राजाको ऐन भएको एउटा पन्ना हातमा छ।

**सिंहहरु।** हात र खुट्टाको बलमा हिंडने अनि गर्जने।

**दूत।** एउटा लुगा पक्रेर राख्ने।

**सिपाहीहरु।**

**कथक :** कथाको पहिलो भाग 1-10 पदहरुबाट सुनाउने, त्यस पछि भन, ''सुन्नुहोस् राजाका भारादारहरुले के भन्दछन्।''

**राजाका भारादारहरु :** जोड़सित भन, ''राजाले दानियललाई हामी भन्दा बड़ी मान्यता दिन्छन्!''

''हामी त्यसबाट अलग होऔं। त्यसलाई कस्तो आरोप लगाऔं?''

''त्यसले त केहि गलती नै गर्दैन।''

''दानियलका परमेश्वरलाई प्रार्थना गर्ने विरुद्धमा राजाले कानून बनाऊन्।''

**राजा :**पन्ना भारादारहरु सुम्पीदिंदछन्। ''ठिक छ, तिमीहरुले चाहेको नयाँ ऐन यहाँ छ। सबैले मलाई विन्ती-प्रार्थना गर्नैपर्छ।''

**दानियल :** एउटा कुर्सीमाथि चढ़ेर झ्याल खोलेको नाटक गर्ने, तब घुँड़ा टेक्ने अनि भन्ने, ''परमप्रभु परमेश्वर, म केवल तपाईंलाई मात्र प्रार्थना गर्छु अनि प्रत्येक दिन तपाईंको प्रशंसा गर्छु।''

**कथक :**कथाको दोस्रो भाग पद 11-18 बाट बताउनुहोस्, अनि भन्नोस्, ''सुन्नुहोस् राजाका भारादारहरुले के भन्छन्।''

**राजाका भारादारहरु :** ''हेर्नुहोस् महाराज, दानियलले अझै पनि तिनको परमेश्वरलाई प्रार्थना गर्नेगर्छ।''

''तपाईले त्यसलाई सिंहको खोरमा हालिदिनुहोस्।''

**राजा :** ''अहो, होइन! म त्यसो गर्न चाहन्नँ, तर यो ऐन हो। त्यसलाई खोरमा हालिदेऊ अनि एउटा ढुङ्गा द्वारको मुखमा राखिदेऊ। म अति दु:खित छु। म रातभर खाने छुइनँ र सुत्ने पनि छुइनँ!''

**सिपाहीहरु :**दानियलाई सिंहहरुको बिच हाल्छन्।

**सिंहहरु :** गर्जन लाग्दछन्।

**स्वर्गदूत :** लुगाले एउटा सिंहको मुख थुनीदिनु। भन, ''सिंहहरु, दानियललाई चोट नपुर्‍याउनु।''

**सिंहहरु :**दानियलको वरिपरि घुम्छ, सुत्छन् अनि लम्कक तन्केर सुन्छन्।

**कथक :**कथाको तेस्रो भाग 19-22 पदहरुबाट बताउनुहोस् त्यसपछि भन्नासे, ''सुन्नुहोस्। राजाले के भन्नुहुन्छ।''

**राजा :**''बल्ल बिहान भयो!'' (सिंहहरु भए तर्फ जाँदछन्), ''दानियल तिमी जीउँदै छौं ? के तिम्रो परमेश्वरले तिमीलाई बचाउनुमयो ?''

**दानियल :**''ज्यू। एउटा दूतले सिंहहरुको मुख थुनिदिए।''

**कथक :**कथाको चौथो भाग पद 23-28 बाट बताउनुहोस्। भन, ''सुन्नुहोस् राजाले के भन्नुहुन्छ।''

**राजा :**''म अतिनै खुशि छु! ती दुष्ट भरादारहरुलाई ल्याऊ। सिंहहरुको खोरमा हालिदेऊ। अबदेखि, हामी सबैले दानियलको परमेश्वरलाई पुज्ने छौं।''


**सिपाहीहरु :**भारादारहरुलाई सिंहहरुको बिचमा खसालिदिन्छन्।

**कथक :**विश्वाससाथ प्रार्थना गर्न सिकाउने सबैलाई धन्यवाद टक्र्याउनु होस्।

**प्रश्नहरु।** यदि यो नाटक प्रौढ़हरुको निम्ति प्रस्तुत गरे, नानीहरुले दानियल र तिनको प्रार्थनाको बारेमा माथि दिइएका प्रश्नहरु प्रौढ़हरुलाई गरुन्।

**नानीहरुलाई सोध्नुहोस् :** जब हामी विश्वासाथ प्रार्थना गर्न पर्ने अन्य उदाहरणहरु के हुन सक्छन्? (नानीहरुलाई उदाहरण दिन लगाउनुहोस्।)

**पावल-तिमोथी बालकहरुको अध्ययन-प्रार्थना, पी.6 बी.**



एउटा सिंहको चित्र बनाउनुहोस् वा देखाउनुहोस्। नानीहरुले नकल गरुन्। तिनीहरुले यो चित्र अर्को उपासनाको समयमा प्रौढ़हरुलाई देखाऊन् अनि बुझाउन् कि, यस चित्रले हामीलाई प्रार्थनामा कति विश्वासी हुनपर्छ भनि दशाउँदछ, चाहे मानिसहरुले जतिनै हेला किन नगरुन्।



2 थिस्सलिनोकी 3:2 कण्ठस्थ पार्नुहोस्।

कविता। तीनजना नानीहरु प्रत्येकले एक पद गरी भजन संग्रह 57:4,5 र 6 बाट पाठ गरुन्।

**प्रार्थना।** ''प्रभु, तपाई सर्वसामर्थी हुनुहुन्छ। तपाईंले सिंहको मुख थुनिदिन सक्नुहुन्छ। हामी तपाईंलाई निरन्तर विश्वास गर्छौं। जस्तै समयभएता पनि हामी तपाईंलाई नै प्रार्थना गर्छौं। जस्तै कुरो हामी माथि आइपरेता पनि तपाईंले हामीलाई अनन्त मृत्युबाट बचाउनुहुन्छ। येशूको नाउँमा, आमेन।''

# बर्तिमै अनि अरुहरुलाई येशूले चंगाई गर्नुभयो

रोगी मित्रहरुको चंगाईको निम्त ईसाईहरु ले प्रार्थना गर्दछन्।

नानीहरुलाई सिकाउनेले अध्ययन एच. 2 बी. पढ्नु पर्छ।



**प्रार्थना:** ''स्वर्गीय बुवा, हामी विश्वासीहरुप्रति तपाईंको प्रेम कहिल्यै घटदै जानेछैन्। मेरा बगालहरु जब विरामी अनि कष्टमा पर्छन्, तपाईंमा भरोसा पर्नमा मलाई मदद गर्नुहोस्।''

1. **तपाईंको बगालले विरामी र कष्टमा परेकालाई सेवा पुट्याउनलाई नेतृत्व गर्न तयार गर्नुहोस्।**

जहाँ धेरै संख्यामा, विश्वासीहरु हुँदैछन् अनि नयाँ बगालहरु खड़ा गरिन्दैछन् त्यहाँ शरीरिक चंगाई, सुसमाचार र माण्डलीक जीवनको, एक सामान्य भाग हो।

जब विश्वासीहरु विरामी अनि कष्टमा पर्छन्, त्यसमा परमेश्वरको सँधै योजना हुँदछ। हाम्रो काम चाँहि मित्रहरुले परमेश्वरको उदेश्य जान्न अनि उहाँमा भरोसा पर्न सिक्नमा मदद गर्नु हो।

**मर्कूस 10:46-52 मा पाउँदछौं...**

- बर्तिमैको कष्ट कतिको गंभीर थियो।
- येशूले चंगाई गर्न सक्नु हुन्छ भनी बर्तिमैको कस्तो विश्वास थियो।
- बर्तिमैको प्रार्थना (विन्ति) के थियो।
- बर्तिमैमा येशूले के यस्तो कुरो पाउनु भयो कि, उहाँलाई त्यसको इच्छा पूरागर्न प्रेरित गरायो।

**यूहन्ना 9 अध्यायमा पाउँदछौं...**

- जन्मैको अन्धा मानिस हुनदिनुमा परमेश्वरको के दद्देश्य थियो (पदहरु 1-3)।
- चंगाई हुनको निम्ति अन्धो मानिसले के गर्नुपर्ने थियो (पदहरु 6-11)।
- येशूको बारेमा अन्धो मानिसले के भनी विश्वास गरेको उहाँ चाहनुहुन्थ्यो (35-38)।
- येशूमाथि विश्वास गर्न इन्कार गर्नेहरुको निम्ति, परमेश्वरको के उद्देश्य थियो। (39-41)।

**हिब्रू 12:5-14 मा पाउँदछौं...**

- अनुशासन भोग्ने विश्वासीहरुमाथि परमेश्वरको दृष्टि कस्तो छ, (पदहरु 5-8)।
- हाम्रा कष्टहरुबाट परमेश्वरले कस्ता किसिमका असल थोकहरु निकाल्नुचाहनुहुन्छ (9-11)।
- यदि हाम्रा व्यवहारहरु दुष्ट भएका छन् भने, हामीले कस्तो कदम लिनु पर्छ (13)।
- यदि हामीले अरु प्रति अपव्यवहार गरेका छौं भने, हामीले कस्तो किसिमको कदम लिनपर्छ (14)।

**याकूब 5:13-20 मा पाउँदछौं...**

- विश्वासीहरुले दु:ख पाइरहेका छन् भने के गर्न पर्छ (पद 13)।
- विश्वासीहरु विरामी पर्छन् भने के गर्नु पर्दछ। (पद 14)।
- मण्डलीका अगुवाहरुले विरामीको निम्ति के गर्नुपर्छ (पद 14)।
- यदि बिरामीले पाप गरेका छन् भने के गर्नुपर्छ (पद 15)।
- बिरामीलाई बचाउन कस्तो किसिमको प्रार्थना गर्नु पर्छ (पद 15)।
- जब एउटा पापी सत्यमार्ग तर्फ फर्कि आउँछ के हुँदछ (पद 19-20)।

**2. आउँदो साताका गतिविधिहरुको योजना तपाईको सहकर्मीहरुसित बनाउनुहोस्।**

तपाईंले घर मा भेटघाट गर्न जाँदा यदी कसैलाई विरामी भेटाउनु भए, परमेश्वरको करुणा अनि साक्तिको शाक्षीको रुपमा, चंगाईको निम्ति प्रार्थना गर्नुहोस्। विश्वासीहरुले घरमा विरामीहरुको निम्ति प्रार्थना गर्न बोलाउँदा, प्रत्येक चर्चका धर्मगुरुहरुले शुद्ध तेलको एउटा सानो शिशी अभिषेक गर्नलाई साथमा लिएर जाऊन्।

तपाईंको बगालमा दु:ख भोगी रहेका अनि विरामी परेका विश्वासीहरुलाई सुझाव दिन, तिनीहरुको निम्ति प्रार्थना गर्नलाई जानुहोस्।

**चंगाईको निम्ति मार्गनिर्देशन**

तपाईं रोगीहरुको निम्ति प्रार्थना गर्न जानुहुँदा, याद गर्नपर्ने केहि मार्गनिर्देशनहरु :

(क) विरामी व्यक्तिको निम्ति तपाईंले प्रार्थना नगरुञ्जेलसम्म खान-पिउन वा अरु विषयहरुमा नअल्मिनुहोस्।

(ख) विरामी व्यक्ति र परिवारसित रोगको विषयमा, सम्बन्धहरुमा अनि धार्मिक अभ्यासबारे कुरा गर्नुहोस्। यसले तपाईंलाई शरीरिक रोगको आत्मिकी कारण के हुनसक्छ भनी पत्तो लगाउनमा मदद गर्नेछ।

(ग) रोगको कारणबारे पवित्र आत्माले तपाईंलाई के भन्नुहुन्छ सुन्नुहोस् अनि विमारीको निम्ति परमेश्वरले के गर्नचाहनु हुन्छ थाहा गर्नुहोस्।

(घ) विरामी व्यक्तिलाई, रोग तीन प्रकारका हुन्छन् भनी बुझाउनुहोस्।

- न्यायको रोग, किनभने हाम्रा व्यवहार वा सम्बन्धहरुले परमेश्वरलाई अप्रशन्न तुल्याउँदछन्।
- मृत्युसम्मै विरामी किनभने यो, हामी परमेश्वरसित हुने समय हो।
- परमेश्वरको महिमाको रोग, किनभने उहाँले चंगाईद्वारा शक्तिको प्रदर्शन गर्न चाहनुहुन्छ।

(ङ.) रोगी व्यक्ति, परिवार, अनि एकार्काले गरेका कुनै पनि पापहरुको स्वीकार गर्ने मौका उनीहरूलाई दिनुहोस्। यदि कसैले पापहरु स्वीकार गर्छ भने, उसलाई बताउनुहोस् कि परमेश्वरले ती पापहरु क्षमा गर्नुभएको छ।

(च) यदि तपाईंले रोगको कारणहरु थाहा पाउनुभए, विरामीलाई धार्मिकतासित कसरी चल्नु अनि अरुहरुसितको सम्बन्धलाई कसरी सुधार्नु भनी सुझाव दिनुहोस्।

(छ) विरामीको निम्ति प्रार्थना गर्नुहोस्। यदि तपाईलाई लाग्छ कि परमेश्वरले विरामीलाई निको पार्न चाहनु भएको

छ, त्यसोभए तपाईंले रोगीलाई तेल घसेर विरामी निको हुनलाई परमेश्वरसित प्रार्थना गर्नुहोस्। (डॉक्टर) र औषधिको निम्ति मात्र प्रार्थना पर्याप्त हुँदैन्। यदि तपाईंलाई लाग्दैन कि परमेश्वरले यस घड़ी रोगीलाई निको पार्नु हुन्छ भनेर, तब त्यस विरामीलाई परमेश्वरले, विश्वास, धैर्य अनि आनन्दले भरी दिऊन भनी प्रार्थना गर्नुहोस्।

**3. आउँदो उपासनाको समयलाई तपाईंका सहकर्मीहरुसित मिलेर तय गर्नुहोस्।**

येशुको नाउँमा रोग कसरी निको हुन्छन्, तपाईंले जाने जति बुझाउनु होस्।

दश कोरीको बारेमा लूका 10:11-19 देखि विवरणहरु पढ़नुहोस्।



येशूले दश कोढ़ीहरुलाई निकोपार्नु भयो। ती मध्ये एकैजना मात्र उहाँलाई धन्यवाद दिन फर्केर आयो।

विश्वासीहरुले हालैमा देखेका चंगाईहरुबारे साक्षी र धन्यवाद दिऊन्।

नानीहरुले तयार पारेका नाटक, कविता वा प्रश्नहरु प्रस्तुत गरुन्।

प्रभुभोज परिचय दिनलाई, उद्भुद रोटी मन्ना जो परमेश्वरले इस्राएलीहरुलाई दिनुभयो त्यसबारे प्रस्थान 16 अध्यायबाट पढ़नुहोस् वा सुनाउनुहोस्।

येशू स्वर्गबाट आउनु भएको जीउँदो रोटी हुनुहुन्छ अनि जब हामी विश्वास साथ यस विधिमा भाग लिंदछौं, जिवन दिने उहाँको शाक्तिलाई उपयोग गर्छौं।

1 पत्रुस 2:24 कण्ठस्थ गर्नुहोस्।

स-साना झूण्डहरु बनाउनुहोस् अनि विश्वासीहरुलाई एकार्काको निम्ति उत्साह दिन अनि प्रार्थना गर्न लगाउनुहोस्।

# येशूले एउटा अन्धो मानिसलाई चंगाई गर्नुभयो, जसको विश्वास परमेश्वरमा थियो।

नानीहरुको कुनै गतिविधिहरु चुन्नुहोस्।

**प्रार्थना।** ''प्रिय: प्रभु परमेश्वर, हामीलाई बर्तिमै जस्तो तपाईंको चंगाई गर्ने शक्ति र हाम्रा पाप हरुको क्षमामा बलियो विश्वास गर्न मदत गर्नुहोस्।''

येशूले एउटा अन्धो मानिसलाई कसरी चंगाई गर्नु भयो जसको विश्वास परमश्वरमा थियो भनी तपाईंले मर्कूस 10:46-52 मा पाउनु हुन्छ।

कथा भन्नभन्दा अघि, मानिसहरूलाई भन्नुहोस् बर्तिमैलाई येशूले कसरी चंगाई गार्नुभयो मानसिहरुले ध्यान दिएर सुनुन्।

कथा सुनाए पछि नानीहरुलाई सोध्नुहोस् :

- येशू आउँदै हुनुहुन्छ भनि पाल पाएर, बर्तिमैले के गर्‍यो?
- बर्तिमैको वरीपरि भएका मानिसहरुले उसलाई के भने?
- बर्तिमैले बोलाउँदै गरेको सुने र येशूले के गर्नुभयो?
- येशूले बर्तिमैलाई के सोध्नुमयो?
- येशूले बर्तिमैलाई किन चंगाई गर्नुभयो?

**गतिविधि :** केहि नानीहरूलाई आँखामा पट्टि लगाईदिएर, बर्तिमै जस्तो हुन लगाउनुहोस्। तिनीहरुलाई सोध्नुहोस्।

- कस्तो अनुभव हुँदछ?
- अरु नानीहरुलाई बर्तिमैको वरीपरि उभिएका मानिसहरुको भूमिका गरुन्। तिनीहरुले बर्तिमैलाई शान्त गराउने कोशिष गर्दै के भन्दछन्? (उत्तर तिनीहरुले यसो भन्दछन्, ''येशू अति व्यस्त हुनुहुन्छ।'' येशूले तिँलाई चिन्दैन।'' ''तेरो अन्धोपन तेरै पापको दण्ड हो।'"''येशूको निम्ति तँ कुनै महत्वको छैनस्।''
- यस प्रकारले मन्ने मानिसहरुलाई कस्तो उत्तर दिनपर्ने बिचार गर्नुहोस्।
- बर्तिमैलाई येशूले चंगाई गर्नुभएको कथालाई नाटकिय रूपदिनुहोस्, मर्कूस 10:46-52।
- ठूला नानीहरु वा प्रौढ़हरुले यी भागहरु खेलून : येशू, बर्तिमै अनि कथक। बर्तिमैले पूरानो थोत्रे खाष्टो ओड़ेको हुन्छ। शुरुमा आँखा बन्द गरेर।
- साना नानीहरुले चेला अनि मानिसहरुका भूमिका गरुन् बस्नु।

**कथक:** मर्कूस 10:46-52 पढ़नोस्।

**मानिसहरु :**''हेर! येशू आउँदै हुनुहुन्छ। परमेश्वरले प्रतिज्ञा गर्नु भएको मुक्तिदाता!

**बर्तिमै :**''हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।''

**मानिसहरु :**''चूप लाग्! यस महान व्यक्तिलाई दिक्क नलगाउ!'' येशूले के भन्नु हुन्छ, हामीलाई सुन्नदेऊ।''

**बर्तिमै :**''दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।''

**येशू :**''रुक!'' (येशू अनि सबै मानिसहरु हिड्न बन्द गर्छन्)। भन, ''त्यसलाई यहाँ बोलाऊ।''

**मानिसहरु :**''साहस गर, खड़ा होऊ। उहाँले तिमीलाई बोलाउँदै हुनुहुन्छ। (तिनको हात समातेर येशू भएतर्फ डोरयाएर लैजानु। बर्तिमैले आफूले ओड़ेको पुरानो खाष्टो फालिदिंदछ)।

**येशू :**''म तिमीलाई के गरुँ भन्ने तिमी चाहन्छौं?''

**बर्तिमै :**''रब्बोनी, म दृष्टि पाऊँ।''

**येशू :**''(तिनको आँखा निको हुन्छ) भन, ''जाऊ, तिम्रो विश्वासले तिमी निको भयौ।''

**कथक :**''तुरन्तै त्यसले दृष्टि पायो र बाटोमा उहाँको पछिपछि लाग्यो।

मण्डलीका अगुवाहरुले नानीहरुका निम्ति प्रबन्ध मिलाऊन :

- उपासनाको समयमा नानीहरुले नाटक प्रौढ़हरुलाई प्रस्तुत गर्न।
- यस अध्ययनको शुरू–शुरूमा तयार प्रश्नहरु प्रौढ़हरुलाई सोध्नुलाई।
- नानीहरुले तयार पारेका कविता र कुनै थोक प्रस्तुत गर्नलाई।

एउटा अन्धो मानिसको चित्र बनाउनु होस् (यदि मानिसको टाउको मात्र खिंच्दा नराम्रो देख्छन् भने मानिसको पूर्ण आकार खिंच्नुहोस्)।

- ठूला नानीहरुले सानाहरुलाई मदत गरुन।
- आँखा बन्दभएको एउटा अनुहारको चित्र बनाउनु होस् जसले यो दर्शाउन सकोस कि हाम्रा जीवनहरु पनि यस्तै नै हुनेछन् जब, येशुको शक्तिमाथि हाम्रो विश्वास हुँदैन।
- तिनीहरुले बनाएका चित्रहरु प्रौढ़हरुलाई देखाऊन अनि त्यसको अर्थ बताइदिऊन्।



**कविता :**दुइ जना नानीहरु प्रत्येकले एक–एक पद गरी यशैया 53:4 र 5 बाट पाठ गरुन्।

निश्चय उसले हाम्रै कष्टहरु सहयो; र हाम्रा दु:ख भोग्यो। तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, पिटिएको र दु:खमा परेको ठान्यौं।

तर उ ता हाम्रा अपराधको निम्ति घायल भयो,

उसले हाम्रा अधर्मका निम्ति चोट पायो,

हाम्रै शान्तिको निम्ति दण्ड उस माथि परयो, र

उसले पाएको कोर्राको चोटले हामी निको भयौं।

आजका दिनहरुमा येशूले मानिसहरुलाई कसरी चंगाई गरीरहेका छन् भनी देखेका घटनाहरुबारे उदाहरण सहित एउटा कविता, गीत वा नाटक नानीहरुलाई लेख्न लागउनुहोस्।

लूका 11:9 कण्डस्थ पार्नुहोस्।

**प्रार्थना :** ''प्रिय प्रभु, हाम्रा आत्मिक आँखा अनि कानलाई तपाईंले के भन्नुहुन्छ विश्वास गर्न अनि सुन्नलाई खोलीदिनु भएको निम्ति धन्यवाद। हामीलाई हाम्रा पापहरुबाट बचाउन अनि निको पार्नलाई सामर्थी बन्नु भएको निम्ति, हामी तपाईको प्रशंसगर्दछौं। बर्तिमै जस्तो हामी पनि तपाईंको सहायताको निम्ति पुकारी रहन सकौं अनि तपाईंको शक्तिमा पूर्ण विश्वास राख्नमा हामीलाई मदत गर्नुहोस्।''

# अब्राहाम, विश्वासीका पिता

नानीहरुलाई सिकाउनेले अध्ययन एफ. 1 बी. पढ्नु पर्छ।

**प्रार्थना :**''स्वर्गमा हुनुहुने प्रिय पिता, मेरा बगालहरु पनि अब्राहाम झै विश्वासमा बड़न मदत गर्नलाई यस अध्ययनलाई प्रयोग गर्नुहोस्, यसले गर्दा तिनीहरुले तपाईं को वचन सुन्ने र गर्ने हुन सकून, सुन्ने मात्रा होइन जुनकुरोमा हामी विश्वास गर्छौं, त्यसमा आज्ञाकारी बन्नमा मदद गर्नुहोस्। येशूको नाउँमा, आमेन।''

**1. तपाईंको हृदय र मनलाई प्रार्थना अनि परमेश्वरको वचनले तयार पार्नुहोस्.**

**याकूब 1:22 कण्ठस्थ पार्नुहोस्।**

अब्राहाम देखि सिक्नुहोस्

विचार गर्नोस् कि पावलले भने अब्राहाम हाम्रो निम्ति विश्वासको उदाहरण हो, गलाती 3:6-9। अब्राहाममा पनि हामीमा झैं कमजोरीहरु थिए, अनि तिनले पनि गलतीहरु गरे। यद्धपि, परमेश्वरले तिनीबाट आकाशका ताराहरुसरह सन्तान बृद्धि गर्नेछु भनी प्रतिज्ञा गर्नु भयो, तिनले परमेश्वरमा विश्वास गरे। परमेश्वरले तिनको विश्वासलाई देखेर तिनलाई धार्मिक व्यक्ति कहलाउनु भयो, उत्पत्ति 15:1-6। हामी पनि परमेश्वरका प्रतिज्ञाहरुमा विश्वास गरौं अनि तिनले झै हजारौं अविश्वासीहरुले विश्वास गरी अब्राहामका आत्मिक छोराहरु हुनलाई मदत गर्न हाम्रा कामहरु गरौं। उत्पत्तिमा पाउँदछौं...

- परमेश्वरले अब्राहामलाई के प्रतिज्ञा गर्नुभयो, 15:1-6 मा (तिनको नाम अब्राहाम राख्नभन्दा अघि, 17:5)।
- अब्राहामले के विश्वास गरे जसरी परमेश्वरले तिनलाई धार्मिक गन्नुभयो, 15:1-6 मा।
- परमेश्वरले आफ्नो प्रतिज्ञा अब्राहाममा कसरी पक्का गर्नु भयो। के त्यो अब्राहामका बलिदान अनि प्रयासहरुले पक्का भएका थिए? (उत्तर : परमेश्वरको अधिनस्थ थिए)।
- परमेश्वरको प्रतिज्ञा पुरो गर्नलाई अब्रामले आफ्नै प्रयास लगाउँदछ, 16:1-16 मा।
- अब्राहामको विश्वासले तिनको भानिज लूत अनि लूतको छोरीहरु कसरी बचाइए. 18:1 देखि 19:29 मा।
- परमेश्वरले अब्राहामको विश्वासलाई कसरी जाँच गर्नुभयो अनि उसले परमेशरवरमा भरोसा राखेको हुनाले परमेश्वरले के प्रतिज्ञा दिनुभयो (सबै विश्वासीहरुलाई) 22:1-18 मा।



परमेश्वरले हामीमा विश्वास कसरी ल्याउनु हुन्छ ? केहि क्षणका निम्ति विचार गर्नुहोस्, तपाईंको विश्वास कहाँबाट आएको छ। मित्रहरुको गवाहीद्वारा ? वचनद्वारा ? सपना वा दर्शनद्वारा ? पवित्र आत्माको निश्चयताद्वारा ? प्रार्थनाद्वारा ? येशूको नाउँमा अद्‌भूत चंगाईद्वारा ?

**2. साता भरि गर्नुपर्ने गतिविधिहरुको योजना सहकर्मीहरुसित मिलेर बनाउनु होस्।**

- यदि कोहि विश्वासीहरु कमजोर विश्वास भएको हुनाले संघर्ष गरीरहेका छन् भने, जानु होस्, भेटनुहोस् अनि अब्राहामको विषयमा अनि तपाईंको विश्वासको साक्षी सुनाउनुहोस्।
- कुनै व्यवहारिक तरिकाले खाँचोमा परेका तपाईंको छिमेकीलाई, सेवाद्वारा परमेश्वरले दिनुभएको विश्वासलाई प्रदर्शन गर्नुहोस्।
- संघर्ष गर्ने कमजोर विश्वास भएकाहरुसित प्रार्थना गर्नुहोस्।

भाग 3 मा भएका कतिपय उपासनाका गतिविधिहरुद्वारा, तिनीहरुलाई घरैमा उत्साह दिन सक्नुहुन्छ।

3. आउने दिनहरुमा हुने उपासनाको समय सहकर्मीहरुसित मिलेर तय गर्नुहोस्।

स्थानीय रिवाज अनि विश्वासीहरुको आवश्यक्तलाई ध्यानमा राखी गतिविधिहरु चुन्नुहोस्।

अब्राहामको कथाका भागहरुलाई नाटकमा परिणत गर्नुहोस् वा सुनाउनु होस्।

यी सत्यताहरुलाई बुझाउनु होस् :

- परमेश्वरले अब्राहामलाई उसको कुटुम्ब छोड़ेर, नौलो ठाउँमा जानु भनी भन्नु भयो। उसले विश्वास द्वारा आज्ञा पालन गरे। उसले आफ्नो स्वास्नी अनि नोकरहरु तिनको साथमा लगे, अनि सय किलोमिटर भन्दा बड़ी यात्रा गरे।
- त्यही जगहमा परमेश्वरले अब्राहामलाई धेरै वंशहरुको प्रतिज्ञा गर्नुभयो। अब्राहामले परमेश्वरको प्रतिज्ञालाई विश्वास गरे, अनि परमेश्वरले त्यस विश्वासलाई धार्मिकता गन्नुभयो।
- अब्राहामको एउटै वंशबाट सारा राष्ट्रहरुलाई आशिष दिनेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो।
- यी प्रतिज्ञाहरु कसरी पुरा हुने हो भनेर अब्राहामलाई थाहा थिएन, किनभने उसको उत्तराधिकारी हुने कुनै छोरा थिएन।
- तब परमेश्वरले अब्राहामलाई एउटा बलि तयार पार्न लगाउनु भयो। परमेश्वरलाई मानिसहरुसित वाचा बाँध्नलाई सँधै बलिदानको खाँचो हुन्छ। प्रभु येशूले भन्नु भयो यो प्रभुभोज उहाँको रगतमा हाम्रो निम्ति वाचा हो।
- अब्राहामले गिद्धलाई डर देखाएर भगाउने प्रयास गरे, तर तिनी थकित भए अनि गहिरो निन्द्रामा परे। तिनले दर्शनमा देखे कि परमेश्वर बलिदानको माझबाट भएर हिंड़ी रहनुभएको थियो, जब अब्राहाम आफैले चाँहि केहि गरेका थिएनन्।
- परमेश्वर मात्र हुनुहुन्छ जसले आफनो प्रतिज्ञा पुरो गर्नु हुन्छ भन्ने अब्राहमले अझै सम्म बुझेका थिएनन्।
- पछि, अब्राहामकी स्वास्नी साराले तिनको कमारी ठिटी हागारबाट एउटा छोरो, तिनको निम्ति उत्तराधिकारी हुनलाई जन्म दिऊन भन्ने सल्लाह दिईन्।
- अब्राहामको मूर्ख प्रयासले धेरै विपत्ति ल्यायो। हागारको एउटा वंशबाट पछि इस्लामको परिचय भयो।
- एक सय वर्षको उमेरमा एउटा छोरोमा, प्रतिज्ञा पुरोभएको अब्राहामले देखे, जब साराले इसहाकलाई जन्म दिईन्।

यो प्रतिज्ञा पूरा हुनमा अब्राहामको बलिदान वा प्रयास होइन तर केवल परमेश्‍वरको शक्ति छ।

- टिप्पणी : यदि विश्‍वासीहरु मुसलमानहरुको छेउ-छाउ बस्दछन् भने, बुझाइदिनुहोस् कि अब्राहामका दुइ छोराहरु थिए। तिनका पहिलो छोरो अब्राहामको स्वास्नीको कमारी, हागारबाट जन्मेको थियो उसको नाउँ इश्माएल थियो, जो अरबको पुर्खा हुन गए। इश्माएल परमेश्‍वरको प्रतिज्ञा अनुसार अब्राहामकी स्वास्नीद्वारा तिनको उत्तराधिकारी थिएन।

- अब्राहामको दोस्रो छोरा साराबाट जन्म भयो। तिनको नाम इसहाक थियो, जो यहूदीहरुको पुर्खा हुन गए। परमेश्‍वरले अब्राहामलाई प्रकट गर्नुभयो कि उहाँको प्रतिज्ञा इसहाक अनि यहूदीहरुद्वारा विश्‍वमा आशिष ल्याइनेछ।

- जब येशूको जन्म भयो, उहाँ एक यहूदी हुनुहुन्थ्यो, इसहाको एक संतान। यसरी, अब्राहामलाई गर्नु भएका प्रतिज्ञाहरुले, येशुमा विश्‍वासी गर्नेहरु जति सबैमाथि आशिष ल्याउनेछन्। मुसलमानहरुले पनि येशूमा विश्‍वास गर्नु खाँचो छ।

  नानीहरुलाई तयार पारेका कार्यक्रम प्रस्तुत गर्न लगाउनुहोस्।

  गवाहीहरुको निम्ति आग्रह गर्नुहोस्।

- नयाँ विश्‍वासीहरुको जीवनलाई परमेश्‍वरको शक्तिले कसरी बदलाउनु भयो?

- परमेश्‍वरले कसरी प्रार्थनाहरुको उत्तर दिनु भयो वा उहाँजले आफ्ना प्रतिज्ञाहरु पूरा गर्नुभयो?

प्रभुभोज परिचय गार्नलाई, अब्राहामको बलिदान अनि परमेश्‍वरले आफ्नो उपस्थिति कसरी देखाउनुभयो छोटकरिमा उत्पत्ति 15 अध्यायबाट हेर्नुहोस्।

बुझाउनुहोस् कि परमेश्‍वर उहाँका प्रतिज्ञाहरु बलिदानमा पक्का गर्नुहुन्छ। बलिदानको मासुबाट गिद्धहरु धपाउने प्रयास अब्राहमले गरेका थिए। येशूका उखानहरुमा चराहरुलाई, शैतानका प्रभावहरु हुन् भनि व्यक्त गरियो। बलिदान परमेश्‍वरको निम्ति अत्ति महत्वका छन्। परमेश्‍वरलाई सम्मान दिन हामी त्यसको आदर गर्छौं। प्रभुभोज लिन भन्दा अघि हामी आफना पापहरु स्वीकार गर्छौं, जसै हामी येशूको शरीरको सम्भागी बन्दछौं हामी शैतानका, चराहरुलाई लखेटि पठाउँछौं।

**कविता :** ''विश्‍वासको शत्रु'' (यदि तपाईंले यो कवितालाई अनुवाद गर्नुहुन्छ भने अनुप्रास मिलाउनु पर्नेछैन्)।

भोका जंगली स्यालहरुलाई कराउन मनपर्छ,

''प्राय: मानिसहरुले नरकमा आउने इच्छा गर्छन्।''

नरक केवल हेर्ने सानो पिशाव हुन भनी त्यसले चाहन्छ। कति दुष्ट ती मानिसहरु त्यस्तै हुन माँग्दछन्।

त्यसले सत्यलाई घृणा गर्छ तर मानिलिन्छ मानिसहरुको आधा बुद्धि आधा बुद्धिले पनि होइन

हाम्रा छल-कपट ले पूर्णरूपमा मूर्ख बनेकाछौं, हाम्रा झूठहरुलाई तिनीहरुले खान इच्छा नगरे सम्म!

दुइ वा तीनको स-साना झूण्डहरु बनाएर, एकार्काको निम्ति प्रार्थना र परामर्श गर्नलाई अनि योजनाहरु तय गर्नलाई छुट्याउनु होस्।

एफिसी 2:8-10 कण्ठस्थ गर्नुहोस्।

# अब्राहामले गरेझैं नानीहरुले येशूमा भरोसा गर्दछन्

**प्रार्थना :**''स्वर्गमा हुने प्रिय: बुवा, नानीहरुमा विश्वास बड़ाउनलाई, यो अध्ययन पवित्र आत्माको शक्तिद्वारा प्रयोग गर्नुहोस्। साँचो भरोसा अनि हृदय समेतको मनन् साथ सदैव प्रार्थना गर्न तिनीहरुलाई मदत गर्नुहोस्। येशूको नाऊँमा, आमेन।''

नानीहरुको उमेर र खाँचोहरुमा मिल्ने गतिविधिहरु चुन्नुहोस्।

अब्राहामको विश्वासको जीवनमा घटेका यी विशेष घटनाहरुलाई, नानीहरुको निम्ति संक्षेप गर्नुहोस् :

1. अब्राहामले विश्वासद्वारा यात्रा गरे। अब्राहामले परमेश्वरको आज्ञा माने। तिनले आफ्नो देश त्यागे जो समृद्ध थियो तर मूर्ति पुज्दथे। तिनले परमेश्वरमा विश्वास राखेको हुनाले तिनी आफ्ना परिवारसित अन्जान भूमि तर्फ टाड़ा सम्म यात्रा गरे (उत्पत्ति 12)।

2. अब्राहामले विश्वासैद्वारा उदारचित्तले दिए। अब्राहामका गोठालाहरु अनि तिनका भानिज, लूतका गोठालाहरुको बीचमा, तिनीहरुको भेड़ा-बाख्रा र गाई-वस्तुहरु चराउनलाई, झगड़ा हुन्थ्यों। अब्राहामले परमेश्वरमा विश्वास गरेको हुनाले, झगड़ा टार्न तिनले लूतलाई असल भूमि लैजान दिए। लूतले स्वार्थी भावनामा असल भूमि रोजे, तर परमेश्वरले अब्राहामलाई आशिष दिनुभयो (उत्पत्ति 13 अध्याय)।

3. अब्राहामले विश्वासैबाट साहसपूर्वक युद्ध गरे। लूतले धनी, मुर्तिपूजक शहर सदोममा बस्नलाई रोज्यो। एक दिन पाँच दुष्ट राजाहरुले सदोमलाई कब्जामा पारे, मानिसहरुलाई दास बनाएर अनि बहुमूल्य थोकहरु पनि साथमा लगे। तैपनि, अब्राहाम अनि तिनका गोठलाहरुले, ती पाँच राजाहरुलाई पराजय गरेर लूतका परिवार अनि मानिसहरुलाई बचाए। यसैकारणले सदोमका राजाले अब्राहामलाई ती बहुमूल्य थोकहरु तिनीसितै राख्ने अर्जी गरे अनि बन्धुवाहरुलाई फिर्ता गरीदिने अनुरोध गरे। अब्राहामले ती थोकहरु अनि मानिसहरु दुवै राजालाई फिर्ता गरीदिए (उत्पत्ती 14 अध्याय)।

- ताराहरु गन्न कति समय लाग्नेछ भनी नानीहरुलाई सोध्नुहोस्। त्यो कुन महान विषय थियो जो अब्राहामले परमेश्वरको प्रतिज्ञामा विश्वास गरे कि तिनका ती-असंख्य वंशहरु हुन लागेका थिए।
- नानीहरुले प्रत्येक दिन एकलै प्रार्थना गर्नुपर्द भनी भन्नुहोस्, यदि हुन सक्छ भने परिवारहरुसित पनि।




4. अब्राहामले परमेश्वरको प्रतिज्ञामा भरोसा राख्थे। परमेश्वरले अब्राहामसित अनन्तको सम्झौता गर्नुभएको थियो, कि सारा राष्ट्रहरु तिनको ''बिउ'' अर्थात सन्तानद्वारा आशिषित हुनेछन्। तरैपनि, तिनकी स्वास्नी साराको बालक जन्माउने उमेर ज्यादै ढल्केको थियो। एकदिन परमेश्वरले अब्राहामलाई आकाशका ताराहरु हेर्न लगाउनुभयो। परमेश्वरले प्रतिज्ञा गर्नु भयो कि अब्राहामले ताराहरु देखे जत्तिकै सन्तान बड़ाउनु हुनेछ। अब्राहामले परमेश्वरमा विश्वास गर्थे, परमेश्वरले अब्राहामको विश्वासलाई धार्मिक गन्नु भयो। सारालाई इसहाक जन्माउने बनाउनु भएर,

परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो। आजको दिनसम्म परमेश्वरले सारा राष्ट्रहरुलाई, अब्राहामको सन्तान, येशू द्वारा आशिष दिइरहनु भएको छ (उत्पत्ति 15, 17 र 21 अध्यायहरु)।



5. अब्राहामले विश्वाससित प्रार्थना गर्थे। एकदिन परमेश्वरको दूतले अब्राहमलाई भने कि तिनले सदोमका मानिसहरुलाई नष्ट गर्नेछन, किनभने तिनीहरुका पाप साह्रै ज्यादा भएको छ। लूत अनि तिनका परिवारलाई, जो सदोममा बस्थे बचाई दिऊन भनी अब्राहामले परमेश्वरसित विन्ति गरे। अब्राहामको विश्वासको कारण, परमेश्वरले तिनीहरुलाई बचाउन भनी उहाँका दूतहरुलाई पठाउनु भयो। त्यसपछि उहाँले स्वर्गबाट आगो र गन्धक बर्साएर सर्वनाश पार्नुभयो (उत्पत्ती 15-19 अध्यायहरु)।

6. हृदय टुक्रयाउने परमेश्वरको आज्ञालाई अब्राहामले विश्वासैद्वारा पालन गरे। परमेश्वरले अब्राहामको विश्वासलाई जाँच्न चाहनुहुन्थ्यो। यसैले तिनका छोरा इसहाकलाई बलिदान गर्ने आज्ञा दिनु भयो, जस द्वारा परमेश्वरका सारा प्रतिज्ञाहरु पूरा हुनुथ्यो। अब्राहाम आफ्नो नानीलाई बलिदान गर्न तयार थिए, यो जानेर कि परमेश्वरले उसलाई फेरि जीवन दिनुहुन्छ। अचानक, परमेश्वरले बलिदानको निम्ति इसहाकको सट्टामा एउटा भेड़ा प्रबन्ध गरिदिनु भयो ( उत्पत्ति 22 अध्याय, हिब्रू 11:17-19)।

7. अब्राहामका असल कामहरुले तिनको महान विश्वासलाई दर्शाउदथ्यो। परमेश्वरले अब्राहामलाई तिनको विश्वासको कारणले धार्मिक अनि आशिषित गन्नुभयो! त्यो अब्राहामको विश्वास थियो जसले तिनलाई असल कामहरु गर्न तर्फबड़ाए (याकूब 2:21-24)।

विश्वासको दृष्टान्त दिन, चार वटा थोकहरु ल्याउन भनी चार जना ठूला नानीहरुलाई भन्नुहोस्। यदि यो कठीन हुन्छ भने चार वटा वस्तुहरुको चित्रहरु बनाउनुहोस्।

एउटा साबुन

एउटा छुरी

एउटा सानो बोतल

एउटा क्रूस (दुइवाट काठलाई कसेर बनाउनुहोस्)।



क्रूस बनाउनलाई दुइ वटा काठलाई यसरी जोड़ेर कस्नु होस्।

**पावल–तिमोथी बालकहरुको अध्ययन–प्रार्थना, एफ. 1 बी.**

- पहिलो नानी : साबुन देखाएर सोध्ने, ''के हामी यो साबुनले हाम्रा पापहरु घुन सक्छौं ?'' (नानीहरुले नै उत्तर देऊन) ।
- दोस्रो नानी : चक्कू देखाएर सोध्ने, ''के डाक्टरले हाम्रो पापलाई चक्कूले काट्न सक्छ?''
- तेस्रो नानी : बोतल देखाएर सोध्ने, ''के हामी औषधी पिएर हाम्रा पापलाई निको गर्न सक्छौं ?''

चौथो नानी : क्रूस देखाएर सोध्ने, ''के यसले हाम्रो पापहरु हटाउन सकिन्छ?''

बुझाउनु होस् : ''येशूको रगतले, जो उहाँले क्रूसमा बहाउनु भयो त्यसैले मात्र हाम्रा पापहरु धोइन्छन्। हामीले येशूमा विश्वास र भरोसा गर्नैपर्छ। हाम्रा पापहरु क्षमा गर्न र हामीलाई अनन्त जीवन दिन, उहाँ मर्नुभयो अनि बौरी उठनुभयो।'' अब्राहामका कथाको भागहरुलाई नाटकमा परिणत गर्नोस्। नाटक प्रस्तुत गर्न अनि माथिका चार वस्तुहरु तयार पार्न आराधनाका अगुवाहरुसित व्यवस्था मिलाउनुहोस्।

- ठूला नानीहरु वा प्रौढ़हरुले परमेश्वरको स्वर अनि अब्राहामका पाठहरु खेलुन्।
- साना नानीहरुले सारा अनि नोकरहरुका पाठहरु खेलुन्।

**परमेश्वरको स्वर :** ''अब्राहाम, तैंले मेरा प्रतिज्ञाहरुलाई विश्वास गरेको कारण, आकाशका ताराहरु जस्तै म तेरो सन्तान पनि बड़ाउने छु।''

**अब्राहाम :** आकाश तिर हेर्दछ। त्यस पछि भन, ''आकाशको तारा मैले गन्न नसक्नेछन्। सर्वसामर्थी परमेश्वर, म तपाईंलाई विश्वास गर्छु। तपाईंले जे पनि गर्न सक्नु हुन्छ।''

**परमेश्वरको स्वर :**तैंले मलाई विश्वास गरेको कारण, म तँलाई धार्मिक गन्छु, अनि तँलाई आशिष दिनेछु, अनि तेरो एउटा वंशबाट सारा राष्ट्रहरुले आशिष पाउनेछन्।''

**अब्राहाम :**तर मेरो एउटै पनि सन्तान छैन अनि मेरी स्वास्नी साराले सन्तान जन्माउनलाई, तिनका उमेर धेरै दल्किसकेको छ!''

**परमेश्वरको स्वर :**''मलाई भरोसा गर। तेरी स्वास्नी साराले एउटा छोरो जन्माउनेछिन्।''

**अब्राहाम :**सारातर्फ गएर भन, ''परमेश्वरले प्रतिज्ञा दिनु भएको छ कि तिमीले एउटा सन्तान जन्माउनेछौ।''

**सारा :**हाँस! त्यसपछि नोकरहरुलाई भन, ''के तिमीहरुले सुन्यौ अब्राहामले मलाई के भन्नुभयो ? तिनले भन्नुभयो मैंले एउटा बालक जन्म दिन्छु अरे!''

**नोकरहरु :**हाँस अनि यसरी भन, ''तर नान जन्माउनको निम्ति तपाईं त साह्रै बुढ़ी हुनुहुन्छ नी!''

''यस प्रकारको प्रतिज्ञा गर्नेलाई अब्राहामले तिनलाई के सम्झनु हुन्छ?''


''यो ठट्टा मात्रै हो!''

**अब्राहाम :**सुन्ने मानिसहरु सबैलाई भन, ''परमेश्वरले प्रतिज्ञा पूरा गर्नुहुनेछ। उहाँले चमत्कार गर्नुभयो। साराले हाम्रा बालक इसहाकलाई जन्म दिए। इसहाकको वंशबाट सारा राष्ट्रहरुले आशिष पाउनेछन्। यो येशू हुनुहुन्छ (नाटकमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनुहोस्) ।

नानीहरुलाई एउटा ज्वालामुखीको चित्र बनाउन दिनुहोस्। ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्। तिनीहरुले चित्रहरु आराधनाको समयमा प्रौढ़हरुलाई देखाऊन अनि बुझाऊन :

**पावल–तिमोथी बालकहरुको अध्ययन–प्रार्थना, एफ. 1 बी.**

- ज्वालामुखीले आगो खनाएर मानिसहरुलाई मार्दछन्, जसरी सदोमका दुष्ट मानिसहरु आकाशबाट खसेका आगो र गन्धकले मरे।
- येशूलाई नचिन्नेहरुको निम्ति हामीले किन प्रार्थना गर्नु भनी यसले दर्शाउदछ जसरी अब्राहामले लुतको परिवारलाई आगोबाट बचाइ दिऊन भनी प्रार्थना गरेथे।



**कविता।** चार जना नानीहरु प्रत्येकले एक पद गरी भजन संग्रह 34 को 4, 7, 8 र 9 पाठ गरुन।

ठूलो नानीहरुले अब्राहाम अनि तिनको प्रार्थनाको बारेमा छोटो कविता वा गीत लेखून।

हिब्रू 11:1 कण्ठस्थ गर्नुहोस्।

**प्रार्थना :** ‘‘प्रभु, हामीलाई दिनुभएको तपाईंको प्रतिज्ञाहरुको निम्ति धन्यवाद। तपाईंले भन्नु भएका सबै गर्नलाई हामी तपाईंमा भरोसा गर्छौं। अब्राहाम झै हामी पनि विश्वास सित तपाईंमा भरोसा राख्छौं। तिनले अरुको निम्ति प्रार्थना गरे झैं हामीले गर्नमा मदत गर्नुहोस्।

# पावलले झैं सतावटको सामना गर्नु

नानीहरुलाई सिकाउनेले अध्ययन पी. 3 बी. पढ्नु पर्छ।



''मैले एफिससमा जङ्गली जानवरहरुसित मानिसको चालमा लड़ेको भएदेखि, मलाई के फायदा हुन्थ्यो र मरेकाहरु नबिउँतने भएता आओ, हामी खाऔं र पिऔं, किनभने भोली ता हामी मारिहाल्छौं पो।'' 1 कोरिन्थी 15:32

**प्रार्थना।** ''प्रिय प्रभु, तपाईंले हामीलाई त्यही शक्ति, ज्ञान, धीरज र अनुग्रह प्रदान गर्नुहोस् जसरी, तपाईंले पावललाई अन्यायोचित सतावटको सामना गर्नलाई दिनुभयो।''

## 1. सतावटको सामना तपाईंको हृदयलाई, परमेश्वरको वचनले तयार पार्नुहोस्।

**टिप्पणी।** सबैजनाले तिनीहरुको जीवनकालाप अरुचिकर विषयहरुमा कष्टभोग्दछन्। कष्टहरु धेरै प्रकारका छन् हामीले यसलाई योग्य नठाने पनि क्लेश भोग्दछौं, हामी दण्ड भोग्दछौं किनभने हामीले गलती गरेकाछौं, हामी शैतानबाट अत्याचार भोग्दछौं अनि हाम्रो धर्मलाई घृणा गर्नेहरुबाट सतावट भोग्दछौं। धार्मिक सतावट, सबै शिक्षित राष्ट्रहरुमा नियम विरुद्ध छन्। अझसम्म यस्तो भइरहेछ। जब हामी अन्यायपूर्वक सताइएका हुन्छौं, हामीले ती सताउनेहरुको निम्ति आशिष अनि येशूमा विश्वासी रहिरहने अनुग्रह हामीलाई प्रदान गरुन, भनी परमेश्वर सित प्रार्थना गर्नुपर्छ। विश्वासीहरु जसले, कानुन बुझ्छन् अन्य सबै धार्मिक समुदायकहरुको सतावट रोक्न शान्तीपूर्ण समाजिक पाइला चाल्नुपर्छ।

येशू अनि उहाँका कष्टहरुबारे, विशेष सत्यताहरु बुझ्नलाई मर्कूस 8:27-38 पढ्नुहोस्।

- येशू वास्तवमा को हुनुहुन्थ्यो पत्तो लगाउनुहोस् (27-30 पद हेर्नुहोस्)।
- येशू संसारमा किन आउनु भयो पत्तो लगाउनुहोस् (पद 31-37)।
- येशूले, उहाँका चेलाहरुले के गरेको चाहनुहुन्छ (पद 34-38)।

शावलले येशूलाई भेटनभन्दा अघि विश्वासीहरुलाई के गर्दथे प्रेरित 9:3 मा पाउनु हुन्छ।

प्रेरित 9:1-31 मा हेर्नुहोस् - कसरी परमेश्वरले शावललाई विश्वासीहरुको खेदो गर्नबाट राक्नुभयो र उसलाई परिवर्त्तन गर्नुभयो।

- शावलले येशु जीउँदो हुनुहुन्छ अनि नियंत्रण गर्नुहुन्छ मनी प्रथम पल्ट कसरी थाहा गरे? (पद 1-8)
- शावलको जीवनमा परमेश्वरको के उद्देश्य थियो? (पद 15)
- शावललाई के हुनेछ भनी परमेश्वरले भन्नुभयो? (द 16)
- शावलले कहाँ शिक्षा दिए, अनि पहिलो दुइ स्थानहरुमा तिनले के को सामना गर्न परेको थियो? (प्रेरित 9:20-30)

शावल (अब पावल) ले सुसमाचारको काम गर्दा कति कष्ट सहनु पर्‍यो प्रेरित 13:46-14:23 मा पाउँछौं।

- येशूले भन्नुभयो जब मानिसहरुले हामीलाई इन्कार गर्छन् हाम्रो खुट्टाको धुलो टकटकाई दिनु (मत्ती 10:14)। पावल अनि बर्णाबासलाई मानिसहरुले विरोध गर्दा, तिनीहरुले एन्टिओक छोड़दा त्यसै गरे? (प्रेरित 13:50-52)।
- परमेश्वरको राज्यमा प्रवेश गर्नलाई चेलाहरु के बाट भएर जानपर्छ? (प्रेरित 14:22)
- प्रेरितहरु आइकोनियमबाट किन भागेर गए? (प्रेरित 14:1-6)

- ढुंङ्गाले हान्ने मानिसहरुले पावललाई किन लिस्त्राको शहरदेखि बाहिर घिस्याएर लगे? (प्रेरित 14:7–20)

पावलले कति प्रकारले कष्ट सहे 2 कोरिन्थी 11:23–33 मा पाउँदछौं।

कसलाई सतावटहरु आईपर्दछ 2 तिमोथी 3:10–12 मा पाउँछौं। पावल र सिलाससलाई फिलिप्पीका मानिसहरुले किन दुर्व्यवहार गरे प्रेरित 16:16–38 मा पाउँदछौं।

सतावट बाहेक साधारण के हुन सक्छ भन्ने एउटा उदाहरण प्रेरित 17:12 मा पाउँदछौं।

थिस्सलोनिकीहरुले पावल र येशूको कस्तो किसिमले देखासिकी गरे 1 थिस्सलोनिकी 1:6–7 मा पाउँदछौं।

तिनीहरुले यहूदियामा भएका मण्डलीको कस्तो किसिमले देखासिकी गेर 1 थिस्सलोनिकी 2:14–16 मा पाउँदछौं।

नयाँ विश्वासीहरुलाई हामीले सतावट भोग्नबारे के भन्नु पर्छ 1 थिस्सलोनिकी 3:2–4 मा पाउँदछौं।

यदि हामीले ख्रीष्टसंग संगै कष्ट भोग्छौं मने ख्रीष्ट सितै के को साझे–हकवाला हुन्छौं, रोमी 8:16–17 मा पाउँदछौं।

जब मानिसहरुले हामीलाई दुर्व्यवहार गर्छन्, किन हाम्रो हृदयमा शान्ती हुँदछ, रोमी 8:28 मा पाउँदछौं।

येशूको प्रेमको कारण हामीले कसमाथि विजय हासिल गर्छौं रोमी 8:33–39 मा पाउँदछौं। यदि हामी खेदोमा रहिरहन्छौं भने हामीले कस्तो इनाम प्राप्त गर्छौं, मत्ती 5:10–12 मा पाउँदछौं।

जसले येशूमा विश्वास गर्दछ तिनीहरुलाई संसारले किन घृणा गर्दछ, यूहन्ना 15:18–19 मा पाउँदछौं।

**2. हप्ता भर गर्नुपर्ने गतिविधिहरुको, सहकर्मीहरुसित योजना बनाउनुहोस्।**

- खेदोमा बुद्धिमानसित उत्तर दिनु अनि परमेश्वरको शक्तिको आशा गर्नलाई एकसाथ प्रार्थना गर्नुहोस्।
- सतावटमा परेकाहरुकहाँ गएर प्रार्थना गर्नुहोस् अनि तिनीहरुलाई परमेश्वरको प्रतिज्ञाको आश्वासन दिनुहोस्।
- यदि तपाईंको बगालहले सतावटको डरले विशेष कार्यलाई वास्ता गरेका छैनन् भने, तब अगुवाइको निम्ति प्रार्थना गर्नुहोस्। पावलले के गरेका थिए सम्झनुहोस्, जसले खेदो ल्याए (येशूलाई पछयाउँदा, उहाँको वचन प्रचार गर्दा, चगाई गर्दा, भूतहरु निकाल्दा, ईश्वरीय जीवन जीउँदा, इत्यादि)।
- अन्तर्राष्ट्रीय प्रेसमा सतवाटको खबर दिने समाचार सेवाहरुसित सम्पर्क गर्नुहोस्।
- सतावटको सामना गर्नुलाई तपाईंहरुका, योजनामा एकसाथ सहमत दिनुहोस्।

**3. अर्को उपासनाको निम्ति गतिविधिहरु तयार पार्न सहकर्मीहरुसित योजना गर्नुहोस्। स्थानीय रिवाजहरु अनि चालू अवश्यक्ताहरुलाई मिल्ने गतिविधिहरु चुन्नुहोस्।**

येशूको कष्टबारे सत्यतालाई मर्कूस 8:34–38 बाट बुझाउनु होस्।

पावलको कष्टबारे सत्यतालाई बुझाउनुहोस्। पावलले सहेका ती कष्टहरुकोबारेमा केहि कथाहरुलाई अभिनय गर्नुहोस्। वा पढ़ेर वा स्मृतिबाट सुनाउनु होस्।

हाम्रा कष्टहरुको बारे सत्यलाई बुझाउनुहोस्।

- माथि सुचित गरेका पदहरुबाट कुनै प्रश्नहरु खड़ा भए छलफल गर्नुहोस्।
- हामीलाई खेदो गर्नेहरुलाई कतिपटक बचाउनु हुँदै, परमेश्वरले उहाँका मानिसलाई धेरै पल्ट अनुग्रहसहित एक

शान्तीको समय दिनुहुन्छ, बझाउनुहोस्। (प्रेरित 9:1-31) वा सरकारी सासकहरूको निम्ति गर्दा उत्तर दिएर (1 तिमोथी 2:1-2)।

नानीहरुलाई तिनीहरुले तयार पारेका नाटक अनि प्रश्नहरु प्रौड़हरुलाई प्रस्तुत गर्न लगाउनुहोस्।

विश्वासीहरुले हालैमा कष्टहरुप्रति कसरी प्रतिक्रियाजनाए, त्यसबारे गवाही दिनु लगाउनु होस्।

प्रभुभोज परिचय गर्नलाई मृत्युको ''कचौरा'' जसै येशुले भन्नु भएको थियो कि हामी अनि उहाँले पिउन परेको छ, त्यसबारे मर्कूस 10:32-44 बाट कण्ठस्थ सुनाउनुहोस् वा पढ़नुहोस्। प्रभुभोजले, हामी आफैलाई पापबाटको मृत्युलाई देखाउँछ भनी सम्झना गराउनलाई, आत्मामा सहभागी भइ ख्रीष्टको मृत्यु र बौरी उठाइमा मदत गर्दछ।

दुइ वा तीन व्यक्तिहरुको स-साना झूण्डहरु बनाउनु होस्। कष्टसित व्यवहार गर्नलाई योजनाहरु पक्का गर्नु, अनि एकार्कालाई उत्साह दिनलाई प्रार्थना गर्नुहोस्।

2 तिमोथी 3:12 कण्ठस्थ गर्नुहोस्।

# तीन विश्वासी मानिसहरु आगोबिचहिंडे

**प्रार्थना :**''प्रिय प्रभु, हाम्रा नानीहरुले सतावटको सामना गर्नलाई, त्यही विश्वास र साहसले तयार पार्नुहोस् जो तीन त्यागी यहूदी मानिसहरुमा थिए, जसहरुलाई राजाले आगो र गन्धक भित्र फालेका थिए।''

नानीहरुले सिक्ने कुनै पनि गतिविधिहरु तिनीहरुको उमेर अनुसार मिल्ने चुन्नु होस्।

कुनै ठूलो नानी वा शिक्षकले दानियल 3 अध्याय बाट कथा पढ़ीदिऊन अथवा स्मृतिद्वारा सुनाउन्। यस कथाले तीन साहसी मानिसहरुबारे बताउँदछ जसले मूर्ति पूजा गर्न मन्दा बरु आगोद्वारा मृत्युको सामना गरे।''

यी प्रश्नहरु सोध्नुहोस् (उत्तरहरु दानियल 3 अध्याय बाट प्रत्येक प्रश्नको पछि पाउनुहुन्छ)।

- राजाले मानिसहरुलाई मूर्तिको सामने के गर्नु भनी हुकुम गरे? (पद 5 हेर्नुहोस्)।
- जब ती तीन व्यक्तिहरुले तिनको मुर्तिको सेवा गरेनन् भनी  राजाले थाहा पाए, तब तिनले के गरे? (पद 13)
- परमेश्वरले के गर्न सक्नुहुन्छ भनी तीन जनाले राजालाई बताए? (पद 17)
- यदि परमेश्वरले तिनीहरुलाई बचाउनु भएन भने तिनीहरु के गर्नलाई तयार थिए? (पद 18)
- तिनीहरुलाई आगोमा फाल्ने सिपाहीहरुलाई के भयो? (पद 22)
- राजाले आगोमित्र कतिजना मानिसहरुलाई देखे? (पद 25)

दानियल 3 अध्यायबाट तीन साहसी अनि विश्वासी मानिसहरुकाबारे कथाका भागहरु, नाटकमा हाल्नुहोस्।

यो छोटो नाटक प्रस्तुत गर्नलाई, नानीहरुको निम्ति मुख्य माण्डलीक उपासनाका अगुवाहरुले प्रबन्ध मिलाऊन्। नाटक तयार पार्नलाई नानीहरुसित तपाईंको समयलाई प्रयोग गर्नुहोस्। सबै भागहरुलाई तपाईंले नचलाएहुन्छ। साना नानीहरुलाई तिनीहरुको भागहरु तयार पार्नलाई, ठूला नानीहरुले मदत गरिदिऊन्।

- ठूला नानीहरु वा प्रौढ़हरुले यी भागहरु खेलुन् :

  शद्रक, मेशक र अबेदनगो, **कथक।**

  **राजाका भारादारहरु।** कागजलाई बेह्रनु, तुरहीलाई प्रतिनिधि गरोस्।

  **सिपाही।**

- लाठीहरुलाई बर्छा बनाघ्नु अनि बाँहनलाई डोरी हुनपर्छ।



**कथक :**कथाको पहिलो भाग दानियल 3:1-13 बाट सुनाउनुहोस्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस्, राजा नबूकदनेसरले के भन्छन्।''

**नबूकदनेसर :**मूर्तिलाई सबैले देख्ने गरी रारब्ने। त्यसपछि भन, ''तिमीहरु सबैले यो मेरो मूर्तिलाई पुज्न भनी म हुकुम गर्छु। यदि तुरही बज्दा तिमीहरुले यो मूर्ति अघि निहुरिदैनौं म तिमीहरुलाई आगो र गन्धकभित्र फालिदिनेछु।''

**भारादारहरु र बड़ा हाकिम :** जोड़सित तुरही फूक। त्यसपछि मुर्तिलाई ढोक।

शद्रक, मेशक अबेदनगो मूर्तितर्फ अघि बड़ तर खड़ा रहनु।

**सिपाहीहरु :** तुरहीको आवाज बन्द नभइञ्जेल निहुरीएर बस्।

**भारादारहरु :** तुरही फूक्न बन्द गर। राजाकहाँ जानु।

**बड़ा-हाकिम :** ''महाराजा, तपाईंका तीन कर्मचारीहरुले तपाईको मूर्तिलाई पुज्न इन्कार गरे।''

**राजा (रिसाएर) :** ''सिपाहीहरु! गएर ती धोखेबाजहरुलाई म कहाँ झट्ट लिएर आऊ।''

**कथक :** कथाको दोस्रो भाग दानियल 3:14-23 बाट सुनाउनु होस्। त्यस पछि भन, ''सुन्नुहोस्, राजा नबुकदनेसरले तीन मानिसहरुलाई के सोध्नुहुन्छ।''

**राजा :** ''तिमीहरुले मेरो मूर्तिलाई किन पुजेनौ?''

**शद्रक :** माथि देखाउँदै भन, ''हामी केवल एक सत्य परमेश्वरको सेवा गर्छौं।''

**मेशक :** सर्वशक्तिमानले हामीलाई बचाउन सक्नु हुन्छ, यदि उहाँले इच्छा गर्नु भयो भने।

**अबेदनगो :** यदि परमेश्वरले हामीलाई आगोमा फाल्न तपाईंलाई लगाउनु भए पनि हामी तपाईंको मूर्तिलाई पुज्नेछैनौं!''

**राजा (कराएर) :** ''सिपाही हो! आगोलाई सात गुणा बड़ाऊ। तिनीहरुलाई भट्टीभित्र हालिदेऊ।''

**सिपाहीहरु :** तीन मानिसहरुलाई बाँध अनि कोठाको कुनामा ज्वालालाई प्रतिनिधि गर्ने स्थानमा तिनीहरुलाई धकेली देऊ। त्यसपछि पिड़ाभएको जस्तै कराऊ हातबाट बर्छा (भाला) झार अनि आगोको तापले गर्दा भूईंमा लड़।

**कथक :** कथाको तेस्रो भाग दानियल 3:24-30 बाट सुनाउनुहोस्, त्यस पछि भन, ''सुन्नुहोस्, राजा नबुकदनेसरले के भन्छन्।''

**राजा :** भट्टी भित्र हेर। ''हामीले आगोमा तीन जना हालेका होइनौं र तर म चार जना देख्दछु! चौथो व्यक्ति परमेश्वरका पुत्र झै देखिन्छन्। शद्रक, मेशक अनि अबेदनगो बाहिर निस्केर आऊ।''

**बड़ा-हाकिम :** ''हरे! तिनीहरुका लुगाहरु जलेका छैनन्, तिनीहरुमा आगोको गन्ध सम्भ पनि छैनन्।''

**राजा :** ''शद्रक, मेशक र अबेदनगो, अब मलाई थाहा भयो कि तिमीहरुको परमेश्वर कुनै मूर्ति भन्दा शक्तिशाली हुनुहुँदो रहेछ।''

**कथक :** सहयोग गर्ने सबैलाई धन्यवाद दिनुहोस्।



**प्रश्नहरु।** यदि यो कथा प्रौढ़हरुको निम्ति नाटक गर्छन् भने, माथि सुचित गरिएका प्रश्नहरु प्रौढ़हरुलाई तिनीहरुले नै सोधुन्।

आगोभित्र चार जना मानिसहरु उभिएको एउटा चित्र बनाउनुहोस्। नानीहरुलाई नकल गर्न लगाउनुहोस्। अर्को आराधनाको समयमा तिनीहरुले ती चित्रहरु प्रौढ़हरुलाई देखाऊन् अनि बुझाउन कि परमेश्वरले हामीको यातनालाई सामना गर्न कसरी मदत गर्नुहुन्छ।

परमेश्वरका जनहरुले अरु समयहरुमा सतावट सहनपरेका कुनै उदाहरणहरु नानीहरुलाई सुनाउन् भनी आग्रह गर्नुहोस्। परमेश्वरले तिनीहरुलाई कहिले बचाउनुभयो, समयहरुबारे पनि भन्न लगाउनुहोस्।

**पावल-तिमोथी बालकहरुको अध्ययन-प्रार्थना, पी. 2 बी.**

कण्ठस्थ गर्नुहोस्। साना नानीहरुलाई याकूब 1:2 अनि ठूलाहरुलाई याकूब 1:2-4 सिक्न लगाउनुहोस्।

**कविता :**चार जना नानीहरु प्रत्येकलाई एक-एक पद गरी भजन संग्रह 138:4-7 बाट पाठ गर्न लगाउनुहोस्।

हप्ताको विषयबारे ठूला नानीहरुलाई कविताहरु वा गीतहरु लेख्न लगाउनुहोस्।

**प्रार्थना :**''प्रिय: प्रभु, हामी ती तीन इस्राएलीहरु जस्ता आफैलाई सदैव साहसी पाउँदैनौं। जब हामी यातनाको सामना गर्छौं, हामीलाई तपाईंमा भरोसा गर्न मदत गर्नुहोस्। तपाईले हामीलाई बचाउन सक्नुहुन्छ। तर यदि हामीले तपाईंको निम्ति कष्ट सहन पर्दा, हामी तपाईंमा सदा विश्वासी रहन चाहन्छौं किनभने तपाई सँधै हामीसंग हुनुहुन्छ।''

# येशू शैतानभन्दा बलियो हुनुहुन्छ अनि शैतानको दमनबाट उहाँका लोकहरुलाई बचाउनु हुन्छ।

नानीहरूलाई सिकाउनेले अध्ययन डी. 2 बी. पढ्नुपर्छ।

**प्रार्थना :**"प्रभु येशु, तपाईले स्वर्गदेखि पृथ्वीमाथि अधिकार गर्नुहुन्छ। तपाईंमा फर्केर हाम्रा समुदायभा आउने सबैलाई, दुष्ट आत्माहरुबाट उद्धार गरी तपाईको प्रेम र शक्तिको प्रदर्शन गर्नुहोस्।"

मानिसहरुका खाँचोहरुमा मिल्ने गतिविधिहरु चुन्नुहोस्।

1. **दुष्टहरुले दमन गरेका मानिसहरुलाई, येशूको नाउँमा व्यवहार गर्नलाई वचन अनि प्रार्थनासित आफैलाई तयार गर्नुहोस्।**

**टिप्पणी :**जब शैतानले एउटा मानिसलाई दमन गर्दछ, बाइबलले भन्दछ कि त्यस मानिसमा प्रेत, दुष्टआत्मा वा अशुद्ध आत्मा हुन्छ। येशूले शारीरिक रोग अनि आत्मिक दमन दुवैलाई चंगाई गर्न सक्नुहुन्छ। एउटा प्रेतले मानिसलाई दमन गर्न सक्दछ अनि त्यस मानिसलाई उदेकको काम गर्न लगाउँछ, तर बाइबलको सहि अनुवादले आत्माहरूले कुनै व्यक्तिलाई 'वश' मा पार्न सक्छन् अथवा कसैको प्राणको 'मालिक' बन्न सक्छन्, बताउँदैन्।

मानिसहरुलाई प्रेतहरुबाट कसरी मुक्त गर्नु भनी, येशूले उहाँका प्रेरितहरुलाई देखाउनुभयो। एउटा अन्यजाती ठिटीलाई येशूले प्रेतआत्माबाट कसरी छुटकारा दिनु भयो, मत्ती 15:22-28 मा पाउँदछौं।

- कसले आफ्नो छोरीको खातिर येशूको मदत लिए? (पद 22 हेर्नुहोस्)
- प्रेत आत्माले त्यस ठिटीलाई के गरिरहेको थियो?
- येशूका चेलाहरुले त्यस स्त्रीलाई के गर्ने प्रयास गरेका थिए? (पद 23)
- के त्यो स्त्री मदत पाउने लायकको अथवा धर्मी थिइन्? (23-26)
- येशूले आमाकोमा भएको कस्तो गुणको प्रंशसा गर्नुभयो? (28)
- येशूले त्यस स्त्रीलाई के को आश्वासन दिनुभयो?





- त्यस ठिटीलाई निको हुन कति समय लाग्यो?

येशूले एक यहूदी ठिटोबाट कसरी भूत निकाल्नु भयो, मत्ती 17:14-21 मा पाउँछौं।

- कसले आफ्नो छोराको निम्ति येशूको मदत मागे? (पद 14 हेर्नुहोस्)
- भूतले त्यस ठिटोलाई के गर्न लगाउँदैथियो? (पद 15)
- येशूका चेलाहरुले के गर्न सकेनन्? (पद 16)
- कस्ता किसिमका मानिसहरुलाई दुष्ट आत्माहरुले धेर सताउँछन्? (पद 17)

- येशूले भूतात्मालाई के भन्नुमयो अनि के गर्नु भयो? (पद 17-18)
- येशूका चेलाहरुले भूतात्मा निकाल्न किन सकेनन्? (20)
- दुष्टआत्माहरु निकाल्नलाई हामीले के गर्नैपर्छ? (22)
- शैतानमाथिको शक्तिबारे, येशूका चेलाहरुले के सिके, लूका 10:17-18 मा पाउँदछौं
- येशूका चेलाहरुले, कुन अधिकारले मानिसहरुलाई भूतात्माहरुबाट छुटकारा दिनु सक्थे? (पद 17 हेर्नुहोस्)
- को बलिया छन्, विश्वासी चेलाहरु वा दुष्टआत्माहरु? (20)
- आत्माहरूमाथि अधिकार गर्ने सत्यतालेभन्दा अर्को कुन सत्यताले विश्वासीहरूलाई बढ़ि आनन्दित तुल्याउँछ?

प्रेरित पावल र सिलासले एउटा ठिटीबाट आत्मालाई कसरी धपाए प्रेरित 16:16-19 मा पाउँछौं।



- कस्तो आत्माले त्यस ठिटीलाई सताएको थियो? (पद 16)
- आत्माको वशमा परेकी ठिटीलाई, मानिसहरुले कसरी शोषण गर्थे?
- के आत्माले, पावल र तिनको सहकर्मी को हुन भनी चिन्दथे? (पद 17)
- पावलले दुष्ट आत्माबाट कसरी मुक्त गराए? (पद 18)



- दुष्टात्मा ठिटीलाई कुन घड़ीमा छोड़्यो? (18)
- ठिटीका मालिकहरु के गर्दथे? (18-21)

प्रेरित पावलले आत्माहरुबाट एउटा समुदायलाई कसरी उद्धार गरे प्रेरित 19:11-20 मा पाउँछौं।

- दुष्टात्मामाथि पावलको कस्तो किसिमको अधिकार थियो? (पद 11 र 12 हेर्नुहोस्)
- जब अविश्वासीहरुले येशूको नाउँलाई प्रयोग गर्ने चेष्टा गरे तब के भयो? (पद 13-16)
- दुष्टात्मालाई लखेटनलाई कुन नाउँमा माग्न पर्छ? (17)
- जब मानिसहरुले दुष्टात्माबाट छुटकारा पाउँछन्, तिनीहरुले गर्दै आएका टुना-मुना र सामग्रीहरुलाई के गर्नपर्छ? (पद 20)

**2. आउँदो साताका गतिविधिहरु सहकर्मीहरुसित मिलेर बनाउनुहोस्।**

- तपाईंको समुदायभित्र, विभिन्न दुष्टात्माहरुले सताइएका मानिसहरुको छलफल एकसाथ बसेर गर्नु।
- यदि तपाईंको कुनै एक जना सहकर्मी वा विश्वासीहरुमा, कुनै एकजनालाई, दबाउमा परेकाहरुको निम्ति र तिनीहरुको उद्धार भएको हेर्नको निम्ति प्रार्थना गर्न प्रभुबाट अगुवाइ भइरहेछ भने पत्तो लगाउनुहोस्।
- एकसाथ प्रार्थना गर्नुहोस् र प्रभुलाई भन्नुहोस्, दुष्टात्माहरूको वशबाट छुटकारा पाऊन् भनि जुन् व्यक्तिहरूको निम्ति

तपाईहरू प्रार्थना गर्दैहुनुहुन्छ, तिनीहरूकहां तपाईहरूलाई लैजाऊन्।

- भूतहरुको दबाउबाट मुक्त गराउने अधिक अनुभवी ईसाई कार्यकर्तालाई, त्यसबारे कुराकानी गर्न एउटा समय मिलाउनुहोस्।
- जसको उद्धारको निम्ति तपाईंले प्रार्थना गर्नलाग्दै हुनुहुन्छ, तपाईंले कसरी येशूको सुसमाचार बुझाउनु हुनेछ एकसाथ तयार हुनुहोस्।
- तपाईं दुवै जना सहमत हुनुहोस् कि भूतहरु निकाल्ने सार्वजनिक प्रदर्शन हुनेछैन, तर येशूको बारेमा खुल्लामखुल्ल सुसमाचारहरु प्रसार हुनेछन् अनि कसैलाई छुटकाराको आवश्यक परे मात्र, त्यी दुष्टात्माहरूको सामना गर्नुहोस्।

**3. आगामी उपासना समय बारेको सहकर्मीहरुसित योजना तय गर्नुहोस्।**

येशू अनि उहाँका प्रेरितहरु जसले प्रेतहरुको दबाउबाट मानिसहरुलाई उद्धार गरेका कथाहरु पढ्नुहोस् वा स्मृतिबाट सुनाउनुहोस्। यदि तपाईंले भाग-1 का कथाहरु सुनाउनुभए, तब तपाईंले त्यही प्रश्नहरुनै सोध्नुहोस्।

प्रेतआत्माले सताइएका व्यक्तिहरु जसले उद्धार पाए, तिनीहरुको विषयमा विश्वासीहरुलाई सुनाउन लगाउनु होस्।

प्रेतआत्माका सताबटका अनेक तथ्यहरु बुझाउनुहोस्।

- अधिकतम रोग परमेश्वरको आज्ञाबाटका नै हुन् अनि त्यो दुष्टात्माहरू वा शैतानबाट आउँदैनन्।
- मानिसको पापी आचरण हृदयबाट आउँदछ, प्रेतहरुबाट होइन।
- परमेश्वरभन्दा महान शक्ति, शैतान र दुष्टात्माहरूसित छ भन्ने डर देखाउँदै मानिसहरूलाई शौतान र दुष्टात्माहरूले भ्रममा पार्छन्।
- दुष्टात्माले दबिएका मानिसहरुलाई उद्धार गराउन, सबै विश्वासीहरुलाई प्रार्थना गर्ने अधिकार छ।
- जब दुष्टात्माहरुले सुसमाचारको शिक्षालाई चकनाचूर पादर्छ, हामीले तिनीहरुलाई निस्केर जाने आज्ञा गर्नुपर्छ।

नानीहरुले जे तयार पारेकाछन् प्रस्तुत गर्न लगाउनुहोस्।

प्रभुको भोज परिचय गर्नलाई यूहन्ना 13:21-27 बाट पढ्नु होस्। यहूदाले येशूसित अति पवित्र अन्तिम भोजमा रोटी छलसित तोड़े अनि शैतान त्यसपछि यहूदाभित्र प्रवेश गरे।


दुइ वा तीनको झूण्ड बनाउनुहोस्। एकार्कालाई उत्साह दिनु र प्रार्थना गर्नुहोस् अनि योजनाहरु गर्नुहोस्।

मत्ती 8:16 एक साथ कण्ठस्थ गर्नुहोस्।

## दुष्टात्माहरुले सताइएको एउटा ठिटोलाई येशूले चंगाई गर्नुभयो।

**प्रार्थना।** ''प्रिय प्रभु, येशूको अधिकार र कृपाद्वारा दुष्टात्मा देखि नानीहरुलाई बचाउन हा तिनीहरुले तपाईंमा भरोसा गर्न सकून भनि मदत गर्नुहोस्।''

नानीहरुको उमेर अनि आवश्यकताहरुलाई मिल्ने कुनैपनि गतिविधिहरु चुन्नुहोस्।



ठूला नानीहरु वा शिक्षक : येशूले कसरी एउटा ठिटोलाई चंगाई पार्नुभयो मर्कूस 9:14–26 बाट पढ्नुहोस् वा सुनाउनुहोस्। शैतानका सबै शक्तिहरुमाथि येशूको सामर्थ कस्तो छ भनी यस कथाले बताउँदछ।

कथा सुनाएपछि, प्रश्नहरु गर्नुहोस् (उत्तरहरु प्रत्येक प्रश्नको पछि दिइएका छन्)।

- जब येशू चेलाहरुकहाँ आउनुभयो, तिनीहरु के गरिरहेका थिए?

(उत्तर : प्रार्थना गर्नुको सट्टामा बहस गरिरहेका थिए पद 14 हेर्नुहोस्)।

- भूतात्माले ठिटोलाई कसरी सताई रहेको थियो? (17–18 र 22)।
- शैतानको शक्तिको विरुद्ध खड़ा हुन, हामीले के गर्नु पर्छ (विश्वास 1 पद 23 मा हेर्नुहोस्)।
- परमेश्वरमाथि विश्वास गर्न, हामीलाई कसले मदत गर्छन्? (पद 24)
- कसको शक्तिमा हामी शैतानको विरुद्ध खड़ा हुनसक्छौं? (प्रार्थनाद्वारा परमेश्वरको शक्तिमा (पद 29 हेर्नुहोस्)।

येशूले दुष्टात्मालाई कसरी वशमा पार्नुभयो जसलाई त्यसले सताईरहेको थियो त्यसबारे नाटक गर्नुहोस्। यो नाटकलाई प्रस्तुत गर्न मुख्य माण्डलीक उपासनाका अगुवाहरुसित व्यवस्था मिलाउनुहोस्। यसलाई तयार पार्न, नानीहरुसित समय बिताउनुहोस्। तपाईंले यसका सबै भागहरुलाई नचलाएहुन्छ। ठूला नानीहरुले सानाहरुलाई तयार गर्नमा मदत गरुन्।

- ठूला नानीहरु वा प्रौढ़हरुले कथक अनि बाबुका पाठहरु गरुन्। कथकले कथालाई छोटकरीमा बताउन् अनि नानीहरुले के बोल्नु र गर्नु पर्ने भनी सम्झना गराउनलाई मदत गरुन्।

साना नानीहरुले ठिटो, आमा अनि दाज्यूभाई र दिदिबहिनीका पाठहरु खेलुन।



**कथक :** कथाको पहिलो भाग मर्कूस 9:14–21 बाट सुनाउनुहोस्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् बाबुले के भन्दछ।''

**बाबू :** ''म हाम्रो छोरासित घरमा छु। उसलाई हेर।''

**ठिटो :** ''येशूले मलाई चंगाई गर्नुभयो। म चाहन्छु तपाईंले येशूलाई भेट्नुहोस्।''

**आमा :** ''श्रीमान। के यो सत्य हो? उसलाई त बाल्यावस्थादेखिनै भूतात्माले सताएको थियो।''

**दाज्यूभाई र दिदिबहिनी!** ''हामीलाई थाहा छ त्यो कस्तो डरलाग्दो थियो।'' ''त्यसले मुखबाट फींज काड़ेर भूईंमा

लड्थ्यो।''''कहिले काहि त्यो आगो र पानीमा पनि पस्थ्यो।''''उ मरणतुल्य बन्थ्यो।''''मलाई रुवाएको छ।''

**बाबु :**''त्यसलाई कसैले पनि निको पार्न सकेन। मैले येशूका चेलाहरुलाई भने, तर तिनीहरुले केहि गर्न सकेनन्।''

**कथक :**कथाको दोस्रो भाग मर्कूस 9:23-29 बाट सुनाउनुहोस्। त्यसपछि भन, ''सुन्नुहोस् बाबुले के भन्दछ।''

**आमा:**''उसलाई निको पार्न येशुले के गर्नु भयो?

**बाबु :**''पहिले मलाई उहाँले भन्नु भयो कि विश्वास गर्नेहरुको निम्ति ती सबै कुरा सम्भाव छ। तर मेरो विश्वास कमजोर थियो। यसैले मैंले विश्वास गर्नलाई उहाँलाई मदत मांगें।''

**ठिटो :**शैतानले मलाई भूईंमा पछारयो अनि मलाई कक्राक-कुक्रुक्क पार्‌यो। तिनीहरुले म मरें, सम्झे।''

**आमा :**''ठिटोलाई अंगालो हाल्छिन्। त्यसपछि भन, ''अहो, प्यारो नानी!''

**ठिटो :**येशूले शैतानलाई निस्केर जानु अनि फेरि कहिल्यै फर्की नआउनु भन्नु भयो। येशूले मेरो हात समातेर मलाई जुरुक्क उठाउनुभयो।''

**आमा :**''परमेश्वरको महिमा होस्।''

**ठिटो :**''अब म स्पष्ट बोल्न सक्छु।''

**आमा :**''चेलाहरुले तिमीलाई किन चंगाइ गर्न सकेनन्?''

**बाबु :**''येशूले भन्नुभयो कि तिनीहरुले प्रार्थना अनि परमेश्वरको शक्तिमा भरोसा गरेनन्।''

**दाज्यूभाइ र दिदिबहिनी :**यस किसिमले भन जस्तै,''हामी येशुमा विश्वास गर्न चाहन्छौं।''''हाम्रो विश्वासलाई बलियो बनाउनलाई, हामी उहाँलाई विन्ति गर्नचाहन्छौं।''''सबै दुष्टात्माभन्दा येशूमा धैरे शक्ति छ।''

**कथक वा ठूलो नानी :**नाटक समाप्त भएपछि सहयोग दिने सबैलाई धन्यवाद दिनोस्।

यदि नानीहरुले यो कथालाई प्रौढ़हरुको निम्ति नाटक गर्दछन् भने, माथि सुचित गरिएका प्रश्नहरु नानीहरुले प्रौड़हरुलाई सोधुन्।

प्रभु येशूले शेतानको शक्तिबाट मानिसहरुलाई उद्धार गर्नु भएका अरु उदाहरणहरु नानीहरुलाई सोध्नुहोस्। नानीहरु र प्रौड़हरुले उदाहरणहरु दिऊन्।



एउटा व्यक्तिले प्रार्थना गरिरहेको चित्र खिंच्नुहोस्, नानीहरुलाई नकल गर्न लगाउनुहोस्।

- प्रत्येक नानीहरुले आ-आफ्ना चित्रहरु आराधनाको समयमा, प्रौढ़हरुलाई देखाउन् अनि येशूको शक्तिमा हामी शैतानकोविरुद्ध कसरी खड़ा हुन सक्छौं भनी चित्रले व्याख्या गर्दछ बुझाउन्।
- यदि तपाईं चाहनु हुन्छ भने, ठिटो लड़ेको माथिको, चित्रलाई नानीहरुलाई नकल गर्न वा रंग भर्न लगाउनुहोस्।

- ठूला नानीहरुले एउटा चिहान, कफन बाकस वा मृत्युको कुनै पनि चिन्हहरुको चित्र कोरुन् अनि येशूले शैतान र दुष्टात्माहरूमाथि मात्र होइन तर मृत्युमाथि पनि विजय प्राप्त गर्नुभयो भनी बुझाउन लगाउनुहोस।

येशूले हामीलाई, शैतानदेखि कसरी स्वतन्त्र गर्नुहुन्छ भन्ने विषयमा ठूला नानीहरुलाई कविताहरु, गीतहरु वा नाटकहरु लेख्न लगाउनुहोस्।

**कविता।** तीन जना नानीहरु, प्रत्येकले एक-एक पद गरी भजन संग्रह 3:3-5 बाट पाठ गरुन।

याकूब 4:7 कण्ठस्थ पार्नुहोस्।

**प्रार्थना :**''प्रिय प्रभु, तपाईंमात्र सर्व-सामर्थी हुनुहुन्छ। तपाइंले हामीलाई शैतानको शक्तिबाट मुक्त गर्नुभयो। तपाईंको प्रेमदेखि हामीलाई कसैले टाढ़ा लैजान सक्ने छैन्। हामी तपाईंलाई प्रेम गर्छौं। तपाईंको बारेमा हाम्रा मित्रहरुलाई सुनाउनलाई हामीलाई मदत गर्नुहोस्।''